# मनहरी गाउँपालिका

## दलित समन्वय समिति (गठन तथा कार्यसञ्चालन संशोधित) कार्यविधि, २०७५

मनहरी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

रजैया, मकवानपुर

अध्यक्ष

# मनहरी गाउँपालिका

## दलित समन्वय समिति (गठन तथा कार्यसञ्चालन संशोधित) कार्यविधि, २०७५

गाउँ कार्यपालिकाबाट पारित मिति: २०७५।१०।०७

गाउँपालिका अध्यक्षबाट पारित मिति: २०७५।१०।०७

पहिलो संशोधन मिति: २०७०।०९।१२

प्रस्तावना :

नेपालको संविधान तथा यस गाउपालिका द्वारा आ.व ०७५/०७६ मा स्वीकृत गरेको निति अनुसार वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, संमृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने कुरा उल्लेख गरेको सन्दर्भमा दलित समुदायको सशक्तीकरण, प्रतिनिधित्व र सहभागिता अभिवृद्धि गरी दलित समुदायको समग्र उत्थान तथा विकास गर्न स्थानीय निकाय, विषयगत कार्यालयहरु तथा गैर सरकारी क्षेत्रबाट संचालित कार्यक्रमहरुलाई पारदर्शी , जनमुखि, प्रभावकारी एवं नतिजामूलक बनाई योजना तर्जुमा, कार्यान्वयन, अनुगमन मूल्याङ्कनका लागि पहल, समन्वय, सहजीकरण र निगरानी गर्ने, दलित समुदायसँग सम्बन्धित समस्याहरुको निराकरणका लागि पहल गर्ने मञ्चको रुपमा कार्य गर्ने, जिल्लामा विभिन्न संघ, संस्था तथा निकायबाट सञ्चालित कार्यक्रमहरुको समन्वय गरी एकीकृत रुपमा सञ्चालन गर्ने,गराउने, दलित लक्षित बजेटलाई व्यवस्थित तरिकाले उपयोग गरी कार्यक्रम सञ्चालन प्रक्रियामा एकरुपता ल्याउने एवं अनुदान रकमलाई स्पष्ट, पारदर्शी र व्यवस्थित गर्न विकाससँग सम्बन्धित कार्यक्रमहरु तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा सहयोग पुऱ्याउन गाउ पालिका स्तरमा समन्वय समिति गठन गर्न वाञ्छनीय भएकोले स्थानीय शासन सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) ले दिएको अधिकार प्रयोग गरी मनहरी गाउपालिकामा दलित क्षेत्रलाइ अगाडी बढाउने कार्य गर्न मनहरी गाँउपालिका प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ४ बमोजिम मनहरी गाउकार्पालिकाको मिति २०७५/१०/०७ गते वसेको वैठकको निर्णय वमोजिम यो कार्यविधि स्वीकृत गरि लागु गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम " मनहरी गाउपालिका दलित समन्वय समिति (गठन तथा कार्यसञ्चालन) कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : बिषय वा प्रसगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-



रन्जन कोइराला
अध्यक्ष

(क) "अध्यक्ष"भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "उपाध्यक्ष" भन्नाले दफा ६ बमोजिमको उपाध्यक्ष सम्झनु पर्छ ।

ग)"गाउपालिका"भन्नाले मनहरी गाउपालिकालाई जनाउने छ ।

घ)"कार्यपालिका" भन्नाले गाउँपालिकाको कार्यपालिका सम्झनुपर्छ ।

ङ)"गाउँ सभा" भन्नाले संविधानको धारा २२२ को उपधारा (१) बमोजिमको गाउँ सभा सम्झनु पर्छ।

च) "प्रमुख प्रशासकिय अधिकृत " भन्नाले गाउपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनुपर्छ ।

छ) "वडा अध्यक्ष " भन्नाले गाउपालिकाको वडा समितिमा निर्वाचित वडा अध्यक्ष सम्झनु पर्छ ।

ज) " दलित " भन्नाले नेपाल सरकार वाट राजपत्रमा दलति भनेर प्रकाशित जातीलाइ वुझाउछ ।

झ) "समिति" भन्नाले यस कार्यविधि अनुसार गठन हुने दलित गाउ समन्वय समिति सम्झनु पर्छ ।

ञ) "उपाध्यक्ष" भन्नाले समितिको कार्यकारी उपाध्यक्षलाई सम्झनुपर्छ ।

३. समितिको गठन : (१) दलित गांउ समन्वय समितिमा देहायका सदस्यहरु रहनेछन् :-

क) गाउँ पालिकाको उपाध्यक्ष -अध्यक्ष

(ग) समितिको अध्यक्षले तोकेको गाउपालिका भित्रका दलित समुदायको हक,अधिकार विकासका क्षेत्रमा क्रियाशील एक जना दलित - उपाध्यक्ष

(घ) प्रमुख प्रशासकिय अधिकृत - सदस्य

(ङ)सामाजिक विकास समितिको संयोजक वा निजले तोकेको प्रतिनिधि - सदस्य

(च)स्थानीय तहको निर्बाचनमा भाग लिएका राष्ट्रिय मान्यता प्राप्त राजनितिक दलहरुबाट १-१ जना पर्ने गरि उनिहरुले सिफारिस गरि पठाएका दलित प्रतिनिधि - सदस्य

(छ) गाँउपालिकामा रहेका दलित व्यक्तीहरुलाइ समेटिने गरी गाँउपालिकाले मनोनित गर्ने १ जना महिला - सदस्य

(ज) प्रमुख प्रशासकिय अधिकृतले तोकेको गाउपालिकाको कर्मचारी -सदस्य सचिव



रन्जन दाल
अध्यक्ष

४ .समितिको काम, कर्तव्य र अधिकार:- समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) दलित समुदायसँग सम्बन्धित गाउमा सञ्चालित विभिन्न सरकारी, गैरसरकारी र निजी क्षेत्रका कार्यक्रमहरुको सहजीकरण, समन्वय तथा अनुगमन मूल्याङ्कन गर्ने,

(ख) गाउमा दलित समुदायको उत्थान र विकासको लागि सञ्चालन भईरहेका कार्यक्रमहरुमा दोहोरोपन हुन नदिन Watch Dog (निगरानी) को काम गर्ने,

(ग) जातीय भेदभाव तथा छुवाछूत जस्ता अमानवीय व्यवहारबाट उत्पीडित दलितवर्गको हकहित र उत्थानका कार्य गर्ने तथा चेतनामूलक/सशक्तीकरणका कार्यक्रम सञ्चालन गर्ने,

(घ) दलित समुदायलाई आफ्नो परम्परागत पेशा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्ने, गराउने,

(ङ) दलित समुदायका परम्परागत पेशासंग सम्वन्धित आधुनिक व्यवसायमा उनीहरुलाई प्राथमिकता दिई त्यसका लागि आवश्यक पर्ने सीप, साधन तथा स्रोत उपलब्ध गराउन समन्वय गर्ने ,

(च) विभिन्न संघ, संस्था निकायबाट गठन हुने उपभोक्ता समिति, समूह वा सरोकारवाला संघ, संस्थामा दलित समुदायको समानुपातिक प्रतिनिधित्वको लागि पहल गर्ने,

(छ) गाउपालिकाको क्षेत्रमा रहेका सरकारी कार्यालय एवं गैर सरकारी संघ, संस्थासँग समन्वय गरी दलित समुदायको आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक लगायत समग्र विकासका लागि कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(ज) सरकारी, गैरसरकारी संघ, संस्था एवं निकायबाट सञ्चालित दलित समुदाय केन्द्रित कार्यक्रमको निरीक्षण, सुपरीवेक्षण, अनुगमन तथा अभिलेखीकरण गर्ने र ती कार्यक्रमहरुको नियमितता, मितव्ययिता, पारदर्शिता र प्रभावकारिता वृद्धि गर्न समन्वयात्मक भूमिका निर्वाह गर्ने,

(झ) विभिन्न संघ, संस्था निकायबाट स्रोत, साधन जुटाई दलित समुदायको उत्थानका लागि आय एवं सीप तथा रोजगारमूलक कार्यक्रम, तालिम, गोष्ठी, सेमीनार आदि सञ्चालन गर्ने, गराउने,

(ञ) दलित समुदायका समस्याहरु पहिचान गरी समाधानका लागि स्थानीयस्तरमा कार्यरत सबै सरकारी, गैरसरकारी र सामाजिक संघ संस्थाहरुलाई सक्रिय रुपमा परिचालन गर्ने र दलित समुदायको उत्थानको लागि कार्य गर्न उत्प्रेरित गर्ने गराउने,

(ट) दलित समुदायको तथ्याङ्क एवं विवरण संकलन गर्न लगाई प्रोफाइल तयार गर्ने, गराउने,

(ठ) विकास निर्माणको विभिन्न चरणहरुमा दलितको अर्थपूर्ण सहभागिता, उत्थान तथा विकासका लागि स्थानीय सरकार संचालन ऐन, २०७४ लगायत अन्य कार्यान्वयनमा रहेका नियमावली, नीति, रणनीति, कार्यविधिहरुमा भएका व्यवस्थाहरुको बारेमा सरोकारवालाहरुलाई सुसूचित गर्ने गराउने,



रन्जन कालाकेती
अध्यक्ष

(ड) स्थानीय निकाय लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा एवं परीक्षण कार्यविधि, २०६८ अनुसारको लैससास बजेटको कार्यान्वयनको अवस्थाको अनुगमन गर्ने,

(ढ) गाउमा स्थानिय सरकार,संघयि सरकार,तथा प्रदेश सरकारवाट सञ्चालित दलित विकासको लागि लक्षित कार्यक्रमको कार्यान्वयनको अवस्था तथा कुल विनियोजित बजेटको बारेमा प्रचार प्रसार गर्ने,

(ण)गाउ पालिका वाट स्विकृत वजेटलाइ कार्यावन्यन गर्नको लागी कार्यक्रम गत वजेट वांड फांड गरि गाउ कार्यापालिका तथा गाउ सभामा पेश गर्ने ।

(त) स्थानीय तहको सहभागितात्मक योजना तर्जुमा प्रक्रियामा दलित समुदायको सक्रिय सहभागिता गराई दलित समुदाय विकास लक्षित कार्यक्रम तथा बजेटको सुनिश्चितता गर्न सहजिकरण गर्ने,

थ)संबिधानमा उल्लेखित दलित समुदायको हक अधिकार एबम् कर्तव्य संग सम्वन्धित बिषयहरुमा आफ्ना समुदायलाइ सुसुचित गराउने ।

द) कार्यक्रम संचालन भएपछि रकम भुक्तानीको लागी अनुगमन गरि सिफारिस गर्ने ।

**५. समितिको बैठक सम्बन्धी कार्यविधि :**

(१). समितिको बैठक १ बर्षमा कम्तीमा ६ पटक बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक बस्नुभन्दा कम्तीमा तीन दिन अगाबै समितिको सदस्य सचिवले बैठकमा छलफल हुने विषयसहितको सूचना सबै सदस्यलाई दिनु पर्नेछ ।

(४) समितिको कूल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्ने छ ।

**६. उपाध्यक्ष सम्बन्धी थप व्यवस्था :**(१) समितिमा एक जना उपाध्यक्ष रहनेछ जसको नियुक्तिको निर्णय गाउ पालिका अध्यक्षबाट हुनेछ ।

(२) उपाध्यक्षको पदावधि बढीमा २ वर्षको हुनेछ ।

**७. उपाध्यक्षको सेवा, शर्त र सुविधा :**(१) उपाध्यक्षले समितिको बैठकमा भाग लिए वापतगाउ कार्यापालिकाको सदस्यले पाए सरहको बैठक भत्ता पाउनेछन ।

रुजन कालाउती
अध्यक्ष

(२) समितिको उपाध्यक्षले कामको सिलसिलामा भ्रमण गर्दा गाउ पालिकाको अध्यक्षबाट भ्रमण आदेश स्वीकृत गराउनु पर्नेछ । भ्रमण आदेश स्वीकृत गर्दा भ्रमण प्रयोजन समेत स्पष्ट रुपमा खुलाउनु पर्नेछ

(३) समितिको उपाध्यक्षले भ्रमण गरी फर्केको पैंतीस दिन भित्र भ्रमण प्रतिवेदन पेश गर्नु पर्नेछ । भ्रमण प्रतिवेदन प्राप्त भएपछि गाउ पालिकाको वडा अध्यक्षले पाए सरहको भ्रमण भत्ता भुक्तानी गरिनेछ ।

(४) समितिको बैठक बस्नु पर्दा पदाधिकारीहरुले समितिको बैठकमा भाग लिए वापत गाउ कार्यापालिका सदस्यले पाए सरहको बैठक भत्ता पाउनेछ । यस्तो भत्ता उपलब्ध गराउँदा गाउपालिकाको प्रशासनिक खर्चको सीमा भित्र रही उपलब्ध गराउनु पर्नेछ ।

तर उपदफा ५ मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिका पदाधिकारी बाहेक अन्य आमन्त्रित सदस्यलाई भत्ता उपलव्ध गराइने छैन ।

८. **उपाध्यक्षको आचरण एबम् दायित्व** :निज नेपालको प्रचलित संविधान, कानून एबम् नेपाल सरकारको नीति तथा कार्यक्रम प्रति पूर्ण रुपमा वफादार हुनुपर्ने छ । राष्ट्रिय स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय स्वाधिनता, स्वाभिमान र सामाजिक एवं साँस्कृतिक सद्भावको सम्मान, संरक्षण र प्रवर्द्धन गर्नु निजको दायित्व हुनेछ ।

९. **थपघट र हेरफेर** :-मुलुकको आवश्यकता, प्राथमिकता एवं सन्दर्भलाई समेत मध्य नजर गरी मनहरी गाउपालिकाले यस कार्यविधिमा आवश्यक थपघट तथा हेरफेर गर्न सक्नेछ ।

१०. **वाधा अड्काउ फुकाउः** यो कार्यविधि उल्लेख नभएको विष्यमा कुनै नितिगत व्यवहारीक वा कार्यसम्पादन सम्वन्धी समस्या आइ परेमा गाउ कार्यापालिकाले वाधा अड्काउ फुकाइ कार्य सम्पादन गर्न सहजिकरण गर्न सक्ने छ ।

११. **बचाउ तथा खारेजीः** यस कार्यविधिमा व्यवस्था भएका कुराहरु, स्थानीय सरकार संचालन ऐन, २०७४ सँग बाझिएको हद सम्म स्वतः अमान्य हुनेछ ।

रन्जन कालाखेती
अध्यक्ष